२०८२ वैशाख १० गतेको कार्यपालिकाका निर्णयहरु

**प्रस्तावहरु :-**

- ✓ समिक्षा कार्यक्रम सम्बन्धमा ।
- ✓ राजश्व सुधार कार्ययोजना सम्बन्धि अभिमुखिकरण सम्बन्धमा ।
- ✓ योजना कार्यान्वयन सम्बन्धमा ।
- ✓ प्रदेश समपुरक र विशेष अनुदान सिफारिस सम्बन्धमा ।
- ✓ जनता आवास कार्यक्रम सम्बन्धमा ।
- ✓ नवप्रवर्तन साझेदारी कोषमा कार्यक्रमको अवधारणा पत्र पेश सम्बन्धमा ।
- ✓ रैथाने स्टोर सम्बन्धमा ।
- ✓ शिक्षकको आन्दोलन तथा भर्ना अभियान सम्बन्धमा ।
- ✓ श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा ।
- ✓ विज्ञ सभा सम्बन्धमा ।
- ✓ विबिध सम्बन्धमा ।

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छापाक, गोरखा
गण्डकी प्रदेश, नेपाल

CamScanner

निर्णयहरु :-

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा प्रमुख प्रशासकिय अधिकृत ज्यूले प्रस्तुत गर्नु भएको चालु आ.ब. २०८१/०८२ हालसम्म संचालन भएका कार्यक्रमहरुको प्रगती प्रतिबेदन माथि छलफल गरीयो साथै कार्यक्रमहरुको प्रगतिलाई उच्च मुल्याङ्कन गर्दै बाँकी कार्यक्रमहरु लाई थप प्रभावकारी रुपमा संचालन गर्नको लागी विषयगत शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस सिरानचोक गाउँपालिकाको निर्माणाधीन राजस्व सुधार कार्ययोजना सम्बन्धमा छलफल र अन्तर्क्रिया सम्पन्न गरियो।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा सिरानचोक गाउँपालिका र छिमेकी गाउँपालिकाका लाभग्राहीहरु समेत लाभान्नवित हुने गरि पालुङ्गटार नगरपालिका वडा नं २ मा कार्यान्वयन हुने भूपू सैनिक प्रतिष्ठान भवन निर्माण र गोरखा नगरपालिका वडा नं १ मा कार्यान्वयन हुने तमू ह्युला छोझ धी गोरखा व्यवस्थापन का लागि सिरानचोक गाउँपालिकाबाट आर्थिक वर्ष २०८१/८२ मा दुबै योजनामा रु ५ लाखका दरले वजेट विनियोजन भएकोमा उक्त संस्थाहरुबाट योजना कार्यान्वयन गरिदिनुहुन भनि निवेदन समेत प्राप्त भएको सम्बन्धमा दुवै योजनाहरुमा लाभग्राहीहरुको उपभोक्ता समिती गठन गराई काम अघि बढाउने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारको समपुरक र विशेष योजना अन्तरगत आगामी आर्थिक वर्ष २०८२/०८३ को लागी तपसिल बमोजिमका योजना माग गर्ने निर्णय गरियो।

| समपुरक तर्फ माग गर्ने योजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र.स | योजनाको नाम | आर्थिक बर्ष | बजेट रकम रु | कैफियत |
| १ | सालबोट हर्मि जामुनेबेशि झिम्रेक सडक | २०८२/०८३ | १,९८,७५,३६८.९१ | नयाँ |
| २ | खहरे सिम्ले भंगेरी झरगाउँ पाटीभञ्ज्याङ्ग चिप्लेटी सडक | २०८२/०८३ | २,००,००,००० | नयाँ |
| विशेष अनुदान तर्फ माग गर्ने आयोजनाहरु | | | | |

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
कार्यालय
प्रदेश, नेपाल

CamScanner

| विशेष अनुदान तर्फ माग गर्ने आयोजनाहरु | | | |
|---|---|---|---|
| क्र.स | योजनाको नाम | आर्थिक बर्ष | बजेट रकम रु |
| १ | पालिका स्तरीय मौरि पकेट स्थापना | २०८२/०८३ | ४०,००,००० |

निर्णय नं ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा जनता आवास पालिका समन्वय समितीको बैशाख १० गतेको निर्णय बमोजिम दोस्रो किस्ताका लागि पेश भई आएका १८ घरधुरीका लाभग्राहीहरुको दोस्रो किस्ता बराबरको रकम सम्बन्धित लाभग्रहीको बैंक खातामा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

नवपर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिकाको दफा १६ ज बमोजिम देहाय अनुसारको कार्यान्वयन समिति गठन गर्ने निर्णय सर्वसम्मत गरियो।

संयोजक - श्री ज्ञानेन्द्र गुरुङ अध्यक्ष
सदस्य - श्री प्रेमप्रसाद बस्ती ६ न वडा अध्यक्ष आर्थिक विकास समिति संयोजक
सदस्य - श्री भरत हमाल कार्यापालिका सदस्य
सदस्य - शान्ती कुमाल कार्यापालिका सदस्य
सदस्य - श्री नबराज अधिकारी पशु विकास अधिकृत
सदस्य - श्री उत्तम बस्ती रोजगार संयोजक
सदस्य - श्री भरत बिष्ट ,लेखापाल
सदस्य सचिव - श्री टाकुर प्रसाद अर्याल प्रमुख प्रशासकीय अधिकृत

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई कास्की पोखरको अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार नवपर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ को परिधि भित्र रही अनुसूची १ बमोजिमको ढाँचामा अवधारणा पत्र तयार गरी सिरानचोक गाउँपालिकाको आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनकारी आयोजनामा

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश